कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वनियानी (झापा)

१ नं. प्रदेश

## सिलवन्दी दरभाउ पत्र पेश गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशीत मिति २०७८/१२/११

यस कार्यालयको कचनकवल पर्यटन तथा मत्स्य विकास परियोजना अन्तरगत केचना पोखरीमा रहेको माछा तपशिलमा उल्लेख गरे बमेजिम तोकिएको मिति र समयमा खरिद गर्न चाहने नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक कृषी फर्महरुले फर्म दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आ.व २०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी राखी यो सूचना प्रकाशीत भएको मितिले ७ औ दिन दिनको १२ बजे सम्ममा दरभाउ पत्र खरिद गरि पेश गर्नु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं | सामानको विवरण | इकाई | परिमाण | दरभाउ दस्तुर रु पछि फिर्ता नहुने गरि |
|---|---|---|---|---|
| १. | विभिन्न प्रजातिका माछा | के.जी | दैनिक निकाल्ने | रु १,०००।- |

*दरभाउ पत्र पेश गर्दा आवश्यक पर्ने अन्य शर्तहरु*

१। दरभाउपत्र फारममा दर रेट भर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ ।
२। रितपूर्वक पेश नभएको, म्याद भित्र दर्ता नभएको र शर्त राखी पेश भएका दरभाउ पत्रलाई मान्यता दिइने छैन ।
३। नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर तथा अन्य कुनै पनि कर बुझाउनु परेमा खरिदकर्ता स्वयंले बुझाउनु पर्नेछ ।
४। ५०० ग्राम वा सो भन्दा माथिको माछा निकाल्नु पर्नेछ, दैनिक २०० के. जि. माछा अनिवार्य निकाल्नु पर्नेछ र साना माछा त्यहि पोखरीमानै छोडिदिनु पर्ने छ ।
५। माछा निकाल्ने खर्च सम्वन्धीत फर्मको हुनेछ ।
६। माछा निकाल्दा गाउपालिकाको कर्मचारी अथवा जनप्रतिनिधिको रोहोबरमा निकाल्नु पर्ने छ र माछा विहान १० बजेदेखि ५ बजेसम्म मात्र निकाल्नु पर्नेछ ।
७। माछा वापतको रकम सोहिदिन अथवा १ दिन पछि कार्यालयमा बजाउनु पर्नेछ ।
८। माछाका प्रकारहरु BOQ मा उपलब्ध गराइने छ ।
९। दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहने छ ।
१०। यसमा नखुलाइएका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

१२/११

ई.अमित ढुंगाना
प्रमुख
कचनकवल पर्यटन तथा मत्स्य विकास परियोजना

१२/११

कुमार वस्नेत
प्रमुख प्रशासकीय अधिकृत
कचनकवल गाउँपालिका